जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २७९ | २०८३ साल जेठ ११ गते सोमवार | Monday-25-May-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## कबहीगोठ नाका कि तस्करको साम्राज्य ?

*शु.आ. सम्बाददाता*
*बारा, १० जेठ*

बारा जिल्लाको सीमावर्ती कबहीगोठ नाका अहिले संगठित तस्करीको सुरक्षित मार्गका रूपमा बदनाम बन्दै गएको छ। दिनको समयमा सामान्य देखिने यो नाका राति भने अवैध कारोबारको अखडामा परिणत हुने गरेको स्थानीयवासीहरूको गम्भीर आरोप छ।

स्थानीयका अनुसार राति १० बजेदेखि १२ बजेसम्म कबहीगोठ क्षेत्रमा खुला रूपमा तस्करी सञ्चालन हुने गरेको छ। कपडा, किराना, सुखखा सामानलगायत लाखौं रुपैयाँ बराबरका सामग्री दैनिक रूपमा भारततर्फ ओसारपसार भइरहेको दाबी गरिएको छ। अझ अचम्मको कुरा, यो सबै गतिविधि सुरक्षा निकायकै संरक्षणमा भइरहेको आरोप स्थानीयले खुला रूपमा लगाउन थालेका छन्।

स्रोतका अनुसार यहाँ तस्करी कुनै सामान्य चोरीपैठारी होइन, 'लाइन सिस्टम' र 'ठेक्का मोडल' मा सञ्चालन भइरहेको छ। सतगंजका इन्द्रजित लाई तस्करीको सम्पूर्ण जिम्मा दिइएको र उनले विभिन्न समूह बनाएर अवैध कारोबार सञ्चालन गरिरहेको स्थानीयको भनाइ छ।

स्थानीयहरूका अनुसार तस्करीका लागि रातिको समय पूर्वनिर्धारित जस्तै बनाइएको छ। त्यो समयमा चेकजाँच




कमजोर पारिने, निगरानी हटाइने र तस्करहरूलाई सहज आवतजावत गराइने गरिएको आरोप छ। कतिपय अवस्थामा सुरक्षाकर्मी नै 'लाइन क्लियर' गराउन सक्रिय हुने गरेको स्थानीयको दाबी छ।

नेपाल प्रहरी अन्तर्गत कबहीगोठ प्रहरी चौकीका प्रमुख रामकुमार यादव माथि तस्करी नियन्त्रणमा पूर्ण उदासीनता देखाएको आरोप छ। त्यस्तै उनका निकट मानिएका घुमुवा हवल्दार सन्दिप ठाकुर ले तस्करहरूसँग प्रत्यक्ष समन्वय गर्ने, रकम उठाउने र मार्ग सुरक्षित बनाउने काम गर्ने गरेको स्थानीय स्रोतको दाबी छ।

उता सशस्त्र प्रहरी बल नेपाल अन्तर्गत कबहीगोठस्थित बीओपी पनि विवादमा तानिएको छ। बीओपी इन्चार्ज प्रकाश राज पन्त माथि समेत तस्करीलाई मौन संरक्षण दिएको आरोप लागेको छ।

स्थानीय व्यवसायीहरूका अनुसार यसरी भइरहेको अवैध कारोबारका कारण राज्यले दैनिक ठूलो राजस्व गुमाइरहेको छ। कानुनी रूपमा कर तिरेर व्यवसाय गर्ने व्यापारीहरू प्रतिस्पर्धामा कमजोर बन्दै गएका छन् भने अवैध कारोबारीहरू दिनप्रतिदिन बलिया हुँदै गएका छन्।

सबैभन्दा दुःखद पक्ष के छ भने, स्थानीयहरू डरका कारण खुलेर बोल्न सकिरहेका छैनन्। "तस्करभन्दा पनि सुरक्षा निकायकै डर बढी छ," एक स्थानीयले नाम नखुलाउने सर्तमा भने, "आवाज उठाए उल्टै दुःख पाइन्छ।" यति गम्भीर आरोप सार्वजनिक भइरहँदा पनि हालसम्म कुनै प्रभावकारी छानबिन सुरु भएको छैन। गृह प्रशासन र सुरक्षा निकायका उच्च अधिकारीहरू

बाँकी तेश्रो पृष्ठमा


## हाकिम भन्दा माथि बन्न खोज्दा विवादमा नीलम कुमार
## गरूडा नगरपालिकाको विकास प्रभावित

*शु. आ. संवाददाता*
*रौतहट, १० जेठ*

रौतहटको गरुडा नगरपालिका पछिल्लो समय गम्भीर प्रशासनिक विवादको केन्द्र बन्दै गएको छ। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उपसचिव नीलम कुमार न्यौपानेको हैकमवादी, समन्वयविहीन तथा मनपरी कार्यशैलीका कारण नगरपालिकाको समग्र कामकाज प्रभावित बनेको भन्दै जनप्रतिनिधि, कर्मचारी तथा स्थानीयवासीबीच तीव्र असन्तुष्टि बढ्दै गएको हो।

नगरपालिकाभित्र विकास निर्माणका काम ठप्पजस्तै बन्न थालेपछि स्थानीय तहको सेवा प्रवाह कमजोर बन्दै गएको आरोप लगाइएको छ। आर्थिक वर्ष समाप्त हुनै लाग्दा समेत दर्जनौं विकास योजना अघि नबढेको, बजेट कार्यान्वयन सुस्त बनेको तथा करोडौं रुपैयाँ फ्रिज हुने जोखिम बढेको भन्दै नगरवासी आक्रोशित बनेका छन्।

नगर प्रमुख कन्थमणि प्रसाद जैसवालले नै प्रमुख प्रशासकीय अधिकृत न्यौपानेको कार्यशैलीप्रति असन्तुष्टि जनाएका छन्। मेयर जैसवालका अनुसार प्रमुख प्रशासकीय अधिकृत न्यौपानेले नगर प्रमुखसँग आवश्यक समन्वय नगरी एकलौटी रूपमा निर्णय गर्ने, महत्वपूर्ण विषयमा जानकारी नदिने तथा आफूखुसी काम गर्ने प्रवृत्ति देखाउँदै आएका छन्। उनले प्रमुख प्रशासकीय अधिकृतले पटक-पटक फोन गर्दा समेत



नउठाउने, बोलाउँदा उपस्थित नहुने र संवादबाट टाढा भाग्ने गरेको गुनासो गरेका छन्। नगरपालिकाभित्र सहकार्य र समन्वय आवश्यक रहेको अवस्थामा प्रशासनिक प्रमुखकै रवैयाले वातावरण बिग्रिएको उनको भनाइ छ।

स्थानीय जनप्रतिनिधिहरूका अनुसार न्यौपानेले नगरपालिकाभित्र गुटबन्दी र अविश्वासको वातावरण सिर्जना गरेका छन्। वडा अध्यक्षहरूसँग निकटता बढाउँदै नगर प्रमुखलाई बाइपास गर्ने, जनप्रतिनिधिबीच विवाद सिर्जना गर्ने तथा प्रशासनिक संयन्त्रलाई आफ्नो नियन्त्रणमा राख्ने प्रयास भइरहेको आरोपसमेत लगाइएको छ। केही जनप्रतिनिधिले कानुनअनुसार अघि बढाउन खोजिएका योजना रोक्ने तर आफू अनुकूलका कामलाई प्राथमिकता दिने गरिएको दाबी गरेका छन्। यसले नगरपालिकाभित्र राजनीतिक र प्रशासनिक द्वन्द्व चर्किँदै गएको बताइएको छ।

सेवाग्राहीहरूका अनुसार प्रमुख प्रशासकीय अधिकृत न्यौपाने नियमित रूपमा समयमा कार्यालयमा उपस्थित नहुने, ढिलो आउने र छोटो समयमै फर्किने गरेका कारण सामान्य प्रशासनिक सेवा लिनसमेत सास्ती खेप्नुपरेको छ। नागरिकता सिफारिस,

बाँकी तेश्रो पृष्ठमा

## विभेदकारी निर्णयविरूद्ध नेपाल पत्रकार महासंघ
## बारा शाखाको हस्ताक्षर अभियान तीव्र

*शु.आ. सम्बाददाता*
*कलैया, १० जेठ*

सरकारी सूचना तथा विज्ञापन वितरणसम्बन्धी सरकारको पछिल्लो निर्णयविरुद्ध नेपाल पत्रकार महासंघ बारा शाखा आक्रामक रूपमा आन्दोलनमा उत्रिएको छ। सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्र दिने नीति लागू गरिएको भन्दै महासंघले त्यसलाई प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप र निजी सञ्चारमाध्यममाथिको खुला विभेदको संज्ञा दिएको छ।

महासंघले जिल्लाभर हस्ताक्षर अभियानलाई तीव्र बनाउँदै सरकारको निर्णय तत्काल खारेज गर्न दबाब सिर्जना गर्ने अभियान अघि बढाएको जनाएको छ। अभियान कलैया, जितपुरसिमरा, निजगढ लगायत जिल्लाका विभिन्न क्षेत्रमा व्यापक रूपमा सञ्चालन भइरहेको छ।

महासंघका केन्द्रीय सदस्य सिकेन्द्र पासवानको प्रमुख आतिथ्यता तथा शाखा अध्यक्ष रमेश सुवेदीको अध्यक्षतामा सुरु गरिएको अभियानमा पत्रकार, नागरिक समाज, बुद्धिजीवी तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता देखिएको जनाइएको छ। अध्यक्ष सुवेदीका अनुसार सरकारले गत चैत १८ गते मन्त्रीस्तरीय निर्णयमार्फत सरकारी सूचना तथा




विज्ञापन सरकारी सञ्चारमाध्यमबाट मात्रै प्रकाशन तथा प्रसारण गर्ने नीति लागू गरेपछि निजी तथा स्वतन्त्र सञ्चारमाध्यम प्रत्यक्ष मारमा परेका छन्। उनले उक्त निर्णयलाई "लोकतान्त्रिक मूल्य-मान्यताविपरीत र प्रेस स्वतन्त्रतामाथिको योजनाबद्ध प्रहार" को रूपमा टिप्पणी गरेका छन्। महासंघले राज्यले कर तिर्ने, सूचना सम्प्रेषण गर्ने र लोकतन्त्रको पक्षमा निरन्तर भूमिका खेलिरहेका निजी सञ्चारमाध्यमलाई उपेक्षा गरेर सरकारी मिडियालाई मात्र प्राथमिकता दिनु निष्पक्ष शासन प्रणालीविपरीत भएको जनाएको छ।

"सरकारले विज्ञापनलाई नियन्त्रणको हतियार बनाउन खोजेको छ," कार्यक्रममा सहभागी केही पत्रकारहरूले आरोप लगाए। उनीहरूका अनुसार यस्तो निर्णयले स्वतन्त्र पत्रकारितालाई आर्थिक रूपमा कमजोर बनाउने, आलोचनात्मक आवाज दबाउने तथा सूचना प्रवाहलाई एकपक्षीय बनाउने खतरा बढाएको छ।

कार्यक्रममा सहभागी वक्ताहरूले सरकारी निर्णय कार्यान्वयनमा गए जिल्लाभरका साना तथा मध्यमस्तरका सञ्चारमाध्यम बन्द हुने अवस्थामा पुग्न सक्ने चेतावनी दिएका छन्। विज्ञापनकै भरमा सञ्चालन भइरहेका धेरै स्थानीय मिडिया आर्थिक संकटमा फस्ने भन्दै पत्रकारहरूले सरकारको कदमप्रति

बाँकी तेश्रो पृष्ठमा

## बारामा साढे आठ लाख बराबरको केरा बरामद, दुई जना नियन्त्रणमा

*शु.आ. सम्बाददाता*
*बारा, १० जेठ*

जिल्ला प्रहरी कार्यालय बाराले अवैध रूपमा भन्सार छली गरी ल्याइएको ठूलो परिमाणको केरा बोकेको पिकअप गाडी नियन्त्रणमा लिएको जनाएको छ। प्रहरीले करिब साढे आठ लाख रुपैयाँ बराबरको केरा तथा पिकअपसहित दुई जनालाई नियन्त्रणमा लिएपछि सीमावर्ती क्षेत्रमा हुने अवैध कारोबार फेरि चर्चामा आएको छ।

जिल्ला प्रहरी कार्यालय बाराको निमित्त प्रवक्ता एवम् प्रहरी निरीक्षक सुरेश राज भट्ट अनुसार आईतबार बिहान प्रहरी चौकी कचोर्वाबाट खटिएको प्रहरी टोलीले सिम्रौनगढ नगरपालिका-१ स्थित कचोर्वा नयाँ बजार क्षेत्रमा चेकजाँचका क्रममा बा.प्र.०१-०३० च ७११० नम्बरको पिकअप गाडी रोकेको थियो। जाँचका क्रममा उक्त पिकअपभित्र भन्सार छली गरी ल्याइएको एक सय ५४ कार्टुन केरा फेला परेको प्रहरीले जनाएको छ। बरामद गरिएको केराको अनुमानित मूल्य १ लाख ५४ हजार रुपैयाँ रहेको




छ भने पिकअप गाडीको मूल्य करिब ७ लाख रुपैयाँ आँकलन गरिएको छ। बरामद सामान र सवारीसाधन गरी जम्मा ८ लाख ५४ हजार रुपैयाँ बराबरको सामग्री नियन्त्रणमा लिइएको निमित्त प्रबक्ता भट्टले जानकारी दिएका छन्। साथै निमित्त प्रबक्ता भट्टका अनुसार नियन्त्रणमा लिइएकामध्ये चालक ओखलढुङ्गा चंपादेबी गाउँपालिका वडा नं ५ बस्बे विश्वराज खड्का रहेका छन्। उनी १९ वर्षीय हुन्। त्यस्तै सहचालकका रूपमा रहेका सुनिल प्रसाद कुशवाहा लाई पनि नियन्त्रणमा लिइएको छ। कुशवाहा सर्लाही धनकौल गाउँपालिका १ बस्ने २२ वर्षिय युवक रहेका छन्।

प्रहरीले बरामद गरिएको केरा, पिकअप गाडी तथा नियन्त्रणमा लिइएका ब्यक्तिलाई आवश्यक थप कारबाहीका लागि भन्सार कार्यालय पर्सामा पठाइएको जनाएको छ।

सीमावर्ती क्षेत्रमा पछिल्लो समय भन्सार छली गरेर फलफूल, खाद्यान्न तथा अन्य सामग्री भित्र्याउने गतिविधि बढ्दै गएको गुनासो रहँदै आएको छ। स्थानीयवासीहरूले सीमाक्षेत्रमा निगरानी अझ कडा बनाउन माग गरेका छन्।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ। - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्युटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

# पत्रकार महासंघको विवादले उठाएका प्रश्न

नेपाल पत्रकार महासंघ बारा शाखाले वार्षिक साधारणसभाका लागि विभिन्न व्यक्ति तथा संस्थासँग आर्थिक सहयोग माग्दै पत्राचार गरेको विषय सार्वजनिक भएपछि पत्रकारिता क्षेत्रमै विवाद चर्किएको छ । पत्रकारहरुको छाता संगठनले नै खुलेआम आर्थिक सहयोग माग्नुले पत्रकारिताको निष्पक्षता र नैतिकतामाथि प्रश्न उठाएको भन्दै आलोचना भइरहेको छ ।

पत्रकार महासंघ प्रेस स्वतन्त्रता र व्यावसायिक मर्यादाको पक्षमा उभिने संस्था हो । यस्तो संस्थाले व्यवसायी वा प्रभावशाली व्यक्तिसँग सहयोग माग्दा भोलिका दिनमा निष्पक्ष समाचार सम्प्रेषण प्रभावित हुन सक्ने चिन्ता बढेको छ । सामाजिक सञ्जालदेखि पत्रकार वृत्तसम्म "जससँग सहयोग लिइन्छ, उसैविरुद्ध कसरी लेख्ने ?" भन्ने प्रश्न उठिरहेको छ ।

यस घटनासँगै महासंघभित्रको गुटबन्दी र आन्तरिक विवाद पनि सतहमा आएको छ । जेठ ८ गते तय गरिएको साधारणसभा स्थगित हुनु, पुरस्कार वितरणलाई लिएर मतभेद देखिनु तथा आर्थिक पारदर्शितामाथि प्रश्न उठ्नुले संस्था कमजोर दिशातर्फ गएको संकेत गरेको छ । महासंघका अध्यक्ष रमेश सुवेदी ले कार्यक्रम सञ्चालनका लागि सहयोग लिनु सामान्य प्रक्रिया भएको बताएका छन् । तर आलोचकहरुले पत्रकार महासंघले अरु संस्थाभन्दा बढी नैतिक संवेदनशीलता देखाउनुपर्ने बताएका छन् ।

पत्रकारिता क्षेत्र आफैं विश्वसनीयताको संकटसँग जुधिरहेका बेला पत्रकारहरुको साझा संस्था नै विवादमा पर्नु दुःखद पक्ष हो । अब महासंघले आरोप-प्रत्यारोपभन्दा माथि उठेर पारदर्शिता, आत्मसमीक्षा र संस्थागत सुधारतर्फ ध्यान दिन आवश्यक देखिएको छ ।

# वैचारिक विश्लेषणमा बजेट



डा. आरसी लामिछाने

बजेटको मुख्य लाभ ठूला व्यवसाय, सहरी मध्यमवर्ग र निजी पुँजीले लिने हो भने समाजवादउन्मुख लक्ष्य पूरा गर्न सक्दैन ।

नेपालको समकालीन राजनीतिमा नीति तथा कार्यक्रम केवल प्रशासनिक दस्तावेजमात्र होइन । यो त राज्यको वैचारिक दिशा, वर्गीय चरित्र र विकास मोडेलको संकेत गर्ने महत्वपूर्ण राजनीतिक दस्तावेज हो । आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत नीति तथा कार्यक्रमले 'डिजिटल रूपान्तरण', 'रोजगार', 'पूर्वाधार', 'निजी क्षेत्रको सहभागिता', 'सामाजिक सुरक्षा', 'समावेशिता' र 'सुशासन' जस्ता विषयलाई प्राथमिकतामा राखेको देखिन्छ । सतहमा हेर्दा यो दस्तावेज आधुनिक, प्रगतिशील र सुधारमुखी जस्तो देखिए पनि यसको गहिरो वैचारिक संरचना भने बहसको विषय बनेको छ । नेपालको संविधानले 'समाजवादउन्मुख राज्य व्यवस्था' को लक्ष्य तय गरेको छ। यस्तो अवस्थामा कुनै पनि नीति तथा कार्यक्रमलाई मूल्यांकन गर्दा एउटा मूल प्रश्न के उठ्दछ भने के सरकारको नीति तथा कार्यक्रमले सामाजिक न्याय, समानता र लोककल्याणलाई केन्द्रमा राख्छ कि बजार, निजी पुँजी र प्रतिस्पर्धालाई ? यही प्रश्नको वरिपरि वर्तमान नीति तथा कार्यक्रमको आलोचनात्मक अध्ययन गरिएको छ ।

यो नीति तथा कार्यक्रमले शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र समावेशितालाई महत्व दिएको देखिन्छ । माध्यमिक तहसम्म निःशुल्क शिक्षा, सीमान्तकृत समुदायका लागि छात्रवृत्ति, स्वास्थ्य सेवाको पहुँच विस्तार, मानसिक स्वास्थ्य तथा सामाजिक सुरक्षाका कार्यक्रमहरू सकारात्मक पक्ष हुन् । राज्यले कमजोर वर्गप्रति केही जिम्मेवारी स्वीकार गरेको संकेत यहाँ देखिन्छ तर यो भन्दा अगाडिका सामजवादी हौं भन्ने सरकारहरूले पनि समाजवादी कार्यक्रमहरू भने प्रस्तुत गरेका थिएनन् । नीति तथा कार्यक्रम उपर संसद्मा सांसदहरूको प्रश्नको जवाफ दिँदै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले राष्ट्रिय स्वतन्त्र पार्टी न त कम्युनिस्ट विचारधाराबाट निर्देशित रहेको, न नवउदारवादको अन्ध अनुयायी भएको र न त कम्युनिस्टको नाममा क्रोनिक क्यापिटलिज्मलाई संरक्षण गर्ने प्रवृत्तिमा रहेको भन्ने कुरा स्पष्ट पार्दै आफ्नो राजनीतिक-आर्थिक दृष्टिकोण उदार लोकतन्त्र र सामाजिक बजार अर्थतन्त्रमा आधारित रहेको बताउनु भएको छ ।

यसरी हेर्दा रास्वपा नेपाली कांग्रेसभन्दा प्रगतिशील (नेकाले २०४७ सालदेखि नै प्रजातान्त्रिक समाजवाद त्यागेर नवउदारवादको बाटो समातेको छ) र कम्युनिस्टहरूभन्दा प्रतिबद्ध देखिन्छ । उहाँको भनाइले परम्परागत वाम र दक्षिण ध्रुवीकरणभन्दा फरक वैकल्पिक आर्थिक सोच प्रस्तुत गर्ने संकेत गरे पनि वर्तमान संविधानले परिकल्पना गरेको समाजवादउन्मुख समाज निर्माणप्रतिको स्पष्ट वैचारिक तथा नीतिगत मार्गचित्र भने अझै पूर्णरूपमा प्रस्ट देखिएको छैन ।तथापि, सामाजिक न्याय, समावेशिता र राज्यको उत्तरदायित्वप्रति व्यक्त गरिएको प्रतिबद्धताले सामाजिक लोकतान्त्रिक अभ्यासतर्फको झुकाव भने संकेत गरेको देखिन्छ । समावेशिता र सामाजिक न्यायको कुरा गरे पनि गरिबी पहिचान, गरिबी मापनजस्ता सामाजिक न्यायलाई सुनिश्चित गर्न आवश्यक पर्ने आधारभूत कुराहरूको बारेमा नीति तथा कार्यक्रम मौन रहेर सारसंग्रहवादी तरिकाले सामाजिक न्यायका कुरा गरिएकाले यो नीति तथा कार्यक्रमअनुसारको बजेट आएमा अभिजात्य वर्गलाई नै फाइदा हुने कुरा देखिन्छ ।

समाजवादउन्मुख राज्यको आधारभूत मर्म भनेको स्रोत, अवसर र सेवामा समानुपातिक पहुँच सुनिश्चित गर्नु हो । तर, वर्तमान नीति तथा कार्यक्रममा गरिबीको संरचनात्मक कारणभन्दा 'व्यवस्थापन'मा बढी ध्यान दिइएको देखिन्छ । देशका लाखौं भूमिहीन, बेरोजगार, असंगठित श्रमिक, सुकुम्बासी र सीमान्तकृत समुदायको आर्थिक आधार परिवर्तन गर्ने स्पष्ट कार्यक्रम दस्तावेजमा बलियो रूपमा उपस्थित छैन । यसअगाडिका सरकारहरू र यो सरकारले पनि ध्यान नदिएको एकदम डरलाग्दो कुरा के हो भने नेपालमा बस्तीका बस्तीहरू गुठी तथा सरकारी जग्गामा छन् जो सुकुम्बासी होइनन् तर लालपुर्जा छैन । उदाहरणका लागि दैलेखको दुल्लु बजार, दाङको लमही, पर्साको रंगपुर बजारलगायत थुप्रै बस्ती छन् । त्यस्तै, पोखरा महानगरपालिकाभित्र धेरै घर नक्सा पास गरिएका छैनन् भने मापदण्ड पनि व्यावहारिक छैन । नक्सापासको अभावमा तथा लालपुर्जाका अभावमा यी बस्तीहरूले बैंकिङ कारोबार गर्न पाएका छैनन् । यी समस्याबारे नीति तथा कार्यक्रम मौन छ ।

जीविकोपार्जन सर्वेक्षणले करिब ६० लाख मानिस गरिबीको रेखामुनि रहेको संकेत गरेको छ । तर, यो विशाल जनसंख्याको वर्गीय उत्थान, उत्पादनमूलक सशक्तीकरण र आर्थिक पुनर्वितरणका लागि ठोस कार्यक्रम नीति तथा कार्यक्रममा स्पष्ट देखिँदैन । गरिबीलाई संरचनात्मक समस्याका रूपमा नभई सेवाको पहुँचको समस्याका रूपमा मात्र बुझिएको आभास हुन्छ। यही कारणले यो नीति गरिबी अन्त्यभन्दा गरिबी व्यवस्थापनतर्फ उन्मुख देखिन्छ । यो नीति तथा कार्यक्रमले गरिबीलाई अभिजात्य वर्गको श्रम स्रोतका रूपमा लिएको देखिन्छ । लोककल्याणकारी राज्यको एउटा महत्वपूर्ण सिद्धान्त लक्षित सामाजिक सुरक्षा हो ।

समाजका सबै वर्गलाई एउटै प्रकारको अनुदान वा सेवा दिने सार संग्रवादी ( एमाले सरकारले ल्याएको वृद्धाभत्ता वितरण शैली)ले व्यवहारमा सम्पन्न वर्गलाई बढी फाइदा पुऱ्याउने अवसर हुन्छ । उदाहरणका लागि, कर छुट, डिजिटल सुविधा, पूर्वाधार विस्तार वा सहरी सेवाको लाभ मुख्यतः पहुँच भएका वर्गले लिएका छन् भने वास्तविक गरिब समुदाय अझै पनि शिक्षा, स्वास्थ्य, रोजगारी र आवासबाट वञ्चित रहेका छन् । कथित प्रधानमन्त्री कृषि परियोजनाबाट पार्टीका टपरर्टुय्याँ कार्यकर्ताहरूले मनग्गे फाइदा लिए भने न त वास्तविक किसानले फाइदा पाए न उत्पादन बढ्यो न त गरिब सुकुम्बासीहरूले सुविधा पाए । यसर्थ, सामाजिक न्यायका लागि नागरिकहरूको आर्थिक-सामाजिक स्तरीकरण गरी वास्तविक गरिब, भूमिहीन, श्रमिक, दलित, आदिवासी, सीमान्तकृत र विपन्न वर्ग पहिचान गरेर लक्षित कार्यक्रम ल्याउनु आवश्यक थियो ।

तर, नीति तथा कार्यक्रममा वर्गीय पुनर्वितरणको स्पष्ट दृष्टिकोण कमजोर देखिन्छ । यसले 'समावेशिता'को भाषा प्रयोग गरे पनि व्यवहारमा अभिजात्य वर्गमै स्रोत केन्द्रित हुने सम्भावना बलियो छ । नीति तथा कार्यक्रमको अर्को महत्वपूर्ण पक्ष निजी क्षेत्र र सार्वजनिक-निजी साझेदारी मोडेललाई दिइएको प्राथमिकता हो । पर्यटन, सहरी विकास, पूर्वाधार, फोहर व्यवस्थापन र डिजिटल प्रणालीमा निजी लगानीलाई प्रोत्साहन गरिएको छ । यसले राज्यलाई प्रत्यक्ष सेवा प्रदायक होइन, 'सुविधादाता'को भूमिकामा सीमित गर्ने संकेत गरेको छ । आफूलाई उदारवादी भने पनि सरकारले यहाँ नवउदारवादी अर्थनीतिको मूल विशेषतालाई अंगालेको छ । नवउदारवादले राज्यको भूमिका घटाएर बजारलाई विकासको मुख्य चालक मान्दछ । यस्तो मोडेलमा सार्वजनिक सेवा क्रमशः निजीकरणतर्फ जान्छ ।

नेपाली कांग्रेसले अवलम्बन गरेको नवउदारवादी अर्थनीतिका कारण नेपालजस्तो असमान समाजमा शिक्षा, स्वास्थ्य र रोजगारीलाई अधिकारको रूपमा नभई बजारको वस्तु बनाएको छ । अहिले नेपालमा जोसँग पैसा छ, उसले गुणस्तरीय सेवा पाउने अवस्था छ र वर्तमान सरकारले पनि यस्तै परमपरालाई निरन्तरता दियो भने नागरिक न्यूनस्तरको सेवामा सीमित हुन जान्छ । डिजिटल अर्थतन्त्र, कृत्रिम बौद्धिकता, स्टार्टअप र डेटा नीतिलाई प्राथमिकता दिनु आधुनिक आवश्यकतासँग मेल खान्छ । तर, डिजिटल पूर्वाधारको लाभ कसले लिन्छ भन्ने प्रश्न गम्भीर छ र यो प्रश्नमा सरकार मौन छ । ग्रामीण किसान, मजदुर, अशिक्षित र इन्टरनेट पहुँच नभएका समुदाय डिजिटल अर्थतन्त्रबाट बाहिर पर्ने जोखिम छ । त्यसैले डिजिटल विकासलाई मात्र 'प्रगति' मान्न सकिँदैन, त्यसको सामाजिक पहुँच र समानता पनि महत्वपूर्ण हुन्छ । नीति तथा कार्यक्रममा श्रमिक अधिकार, न्यूनतम पारिश्रमिक, श्रम सुरक्षा र वैदेशिक रोजगारी व्यवस्थापनका विषय सकारात्मक तरीकाले उल्लेख गरिएकोछ । तर, श्रमिकलाई केवल 'मानव स्रोत'का रूपमा मात्र हेर्ने दृष्टिकोण हाबी देखिन्छ । नीति तथा कार्यक्रममा उत्पादनका साधनमाथि श्रमिकको पहुँच, सहकारी उत्पादन प्रणाली, श्रमिक स्वामित्व र भूमि सुधारजस्ता समाजवादी एजेन्डा कमजोर छन् । भूमि सुधारको प्रश्न लगभग अनुपस्थित हुनु गम्भीर विषय हो । नेपालमा आर्थिक असमानताको मुख्य कारण भूमिको असमान वितरण पनि हो । केही सीमित वर्गसँग विशाल सम्पत्ति र जमिन केन्द्रित भइरहँदा ठूलो जनसंख्याले भूमिहीन र असुरक्षित जीवन बिताइरहेको छ । समाजवादउन्मुख नीतिले भूमिको पुनर्वितरण, सहकारी, कृषि र उत्पादनमूलक अर्थतन्त्रलाई प्राथमिकता दिनुपर्थ्यो । पूर्वाधार विकासलाई तीव्रता दिने नीति पनि दुई धार भएको विषय हो ।

सडक, रेल, डिजिटल नेटवर्क र सहरी विस्तार आवश्यक भए पनि त्यसको लाभ कसलाई पुग्छ भन्ने प्रश्न महत्वपूर्ण हुन्छ । यदि पूर्वाधार केवल ठूला व्यवसाय, सहरी बजार र निजी लगानीलाई सहज बनाउन केन्द्रित भयो भने यसले असमानतालाई झन् गहिरो बनाउन सक्दछ । सामाजिक न्याय केवल राहत बाँड्ने कुरामात्र होइन । यो शक्ति, स्रोत र अवसरको पुनर्वितरणसँग सम्बन्धित विषय हो । वास्तविक समाजवादउन्मुख बजेटले शिक्षा, स्वास्थ्य, कृषि, श्रम, सार्वजनिक उद्योग, सहकारी प्रणाली र ग्रामीण उत्पादनलाई केन्द्रमा राख्नुपर्दछ तर वर्तमान नीति तथा कार्यक्रम 'उत्पादनमूलक समाजवाद' भन्दा 'बजारमुखी विकास'तर्फ बढी झुकेको देखिन्छ ।

समाजवादी दृष्टिकोणबाट हेर्दा यो नीति तथा कार्यक्रम पूर्ण रूपमा समाजवादी दस्तावेज होइन । यसमा सामाजिक न्याय र समावेशिताका केही प्रगतिशील भाषा छन् तर यसको आर्थिक संरचना नवउदारवादी ढाँचासँग नजिक देखिन्छ । यस नीति तथा कार्यक्रमलाई निजी पुँजीकै हातमा आर्थिक शक्ति भएको सामाजिक सुरक्षासहितको 'मानवीय अनुहार भएको नवउदारवाद' वा 'सामाजिक उदारवाद' भन्न सकिन्छ तर यसलाई बजेटले कसरी सम्बोधन गर्दछ त्यो भने पर्खेर हेर्नै पर्दछ । अन्ततः प्रश्न 'कति बजेट ?' भन्दा पनि 'कसका लागि बजेट ?' भन्ने हो । यदि बजेटको मुख्य लाभ ठूला व्यवसाय, सहरी मध्यमवर्ग र निजी पुँजीले लिने हो भने त्यसले संविधानको समाजवादउन्मुख लक्ष्य पूरा गर्न सक्दैन । राज्यले वास्तविक सामाजिक न्याय चाहने हो भने गरिबीको वैज्ञानिक पहिचान, लक्षित लोककल्याणकारी कार्यक्रम, भूमि सुधार, श्रमिक-कृषक केन्द्रित उत्पादन प्रणाली, सार्वजनिक शिक्षा-स्वास्थ्यको सुदृढीकरण र सहकारी अर्थतन्त्रलाई प्राथमिकता दिनुपर्छ । अन्यथा 'समावेशिता' र 'सामाजिक न्याय' केवल राजनीतिक नारामा सीमित भएर राज्यको संरचना अभिजात्य वर्गकै हितमा सञ्चालन भइरहनेछ भन्ने कुरातर्फ अर्थमन्त्रीले ध्यान दिनुहोला भन्ने आस गर्दछु ।


## फतुवा विजयपुर नगरपालिका द्वारा जनहितमा जारी सन्देश

- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

फतुवा विजयपुर नगरपालिकाको कार्यालय लक्ष्मिनिया (दो.) रौतहट

**समाजिक सञ्जालको दुरूपयोग नगरौं ।**

समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# विश्वका सबैभन्दा तातो ७० सहर भारतमै, महाराष्ट्रको ब्रह्मपुरीमा लगातार दोस्रो दिन सबैभन्दा गर्मी

***नयाँदिल्ली-*** विश्वका सबैभन्दा तातो ७० सहरमध्ये सबै भारतका रहेका छन् । मौसम निगरानी एजेन्सी एक्युआई. इनका अनुसार ४५ डिग्री सेल्सियस तापक्रमसहित उत्तर प्रदेशको प्रयागराज सबैभन्दा माथि रहेको छ । शीर्ष १० मा उत्तर प्रदेशका ६ सहर छन्, जसमा बाँदा, मिर्जापुर र वाराणसी छन् ।

शनिबार पनि शीर्ष ५० सबैभन्दा तातो सहरमध्ये ३७ भारतका थिए । बाँदामा तापक्रम ४६.२ डिग्री सेल्सियस मापन गरिएको थियो ।

हाल भारतको आधाभन्दा बढी भूभाग भीषण गर्मी र लुबाट प्रभावित छ । मध्य प्रदेश, राजस्थान, उत्तर प्रदेश, बिहार, गुजरात, महाराष्ट र ओडिशाका धेरै क्षेत्रमा तापक्रम ४५ डिग्री सेल्सियसभन्दा माथि पुगेको छ ।

शनिबार महाराष्ट्रको ब्रह्मपुरीमा तापक्रम ४७.१ डिग्री सेल्सियस पुगेको थियो, जुन लगातार दोस्रो दिन भारतकै सबैभन्दा तातो सहर बन्यो ।

यता तेलङ्गनाका ७ जिल्लामा हिटस्ट्रोकका कारण १६ जनाको मृत्यु भइसकेको छ । मौसम विभागले हैदरावाद, रंगारेड्डी, करीमनगर, खम्मम, नलगोन्डा, सूर्यपेट, मुलुगु र महबूबनगरमा मे २६ सम्म लुको चेतावनी जारी गरेको छ । बिहान ११ बजेदेखि बेलुका ४ बजेसम्म घरबाहिर ननिस्कन सर्वसाधारणलाई आग्रह गरिएको छ ।



अत्यधिक गर्मीले एसिडिटीको समस्या देशका धेरै भागमा तापक्रम ४५ डिग्री सेल्सियसभन्दा माथि पुगेकाले अपच र एसिडिटीको समस्या बढ्न सक्ने चिकित्सकहरूले बताएका छन् । समयमै ध्यान नदिए समस्या गम्भीर बन्न सक्ने चेतावनी दिइएको छ । खानपान, जीवनशैलीमा परिवर्तन र घरेलु उपायमार्फत् एसिडिटी नियन्त्रण गर्न सकिने विज्ञहरूको सुझाव छ ।

आगामी दुई दिनको मौसम

दिल्ली, पञ्जाब, हरियाणा, उत्तर प्रदेश र राजस्थानमा तीव्र गर्मी तथा लुको प्रभाव रहने बताइएको छ । आकाश खुला र घाम चर्को रहने अनुमान मौसम विभागको छ ।

त्यसैगरी केरला, कर्नाटका, तामिल नाडु, असम र मेघालयमा वर्षा, चट्याङ र हावाहुरीको सम्भावना रहेको छ ।

हरियाणा, दिल्ली, पञ्जाब, राजस्थान, छत्तिसगढ, हिमाचल प्रदेश, झारखण्ड, मध्य प्रदेश र उत्तर प्रदेशमा लुको सम्भावना छ । पश्चचिम बंगला र ओडिशामा अत्यधिक तातोले सताउने अनुमान गरिएको छ ।

अरुणाचल प्रदेश, असम, मेघालय, बिहार, केरल, लक्षद्वीप र तमिलनाडुसहित धेरै क्षेत्रमा भारी वर्षाको चेतावनी जारी गरिएको छ । बिहारमा चट्याङसहित तीव्र हावाहुरी चल्न सक्ने मौसम विभागले जनाएको छ ।

मध्य प्रदेशमा ४५ डिग्री पार

मध्य प्रदेशका अधिकांश सहरमा शनिबार तापक्रम ४३ डिग्री सेल्सियसभन्दा माथि पुगेको थियो । खजुराहो र नौगाउँ सबैभन्दा तातो क्षेत्र बने, जहाँ तापक्रम ४५ डिग्रीभन्दा बढी थियो । टिकमगढ, छतरपुर, पन्ना र सतनामा रेड अलर्ट जारी गरिएको छ ।

उत्तर प्रदेशका १० जिल्लामा रेड अलर्ट

उत्तर प्रदेशका १० जिल्लामा लुको रेड अलर्ट र २२ जिल्लामा अरेन्ज अलर्ट जारी गरिएको छ । बाँदा प्रदेशकै सबैभन्दा तातो सहर बनेको छ । झाँसी, कानपुर र सुल्तानपुरमा पनि तापक्रम ४४ डिग्रीभन्दा माथि पुगेको छ ।

राजस्थानमा १८ जिल्लामा चेतावनी

राजस्थानमा भीषण गर्मीसँगै केही क्षेत्रमा वर्षा पनि भएको छ । जयपुर, टोन्क, अलवर, हनुमानगढ र श्रीगंगानगर आसपास मौसम परिवर्तन भएको थियो । पश्चिमी राजस्थानमा लुको प्रभाव अझ बढेको छ । जैसलमेरमा तापक्रम फेरि ४६ डिग्री नजिक पुगेको छ ।

बिहारका १३ सहरमा ४० डिग्री पार

बिहारका ४ जिल्लामा लुको अरेन्ज अलर्ट जारी गरिएको छ भने ५ जिल्लामा वर्षाको चेतावनी छ । देहरी क्षेत्रमा तापक्रम ४५.१ डिग्री सेल्सियस पुगेको थियो ।

हरियाणामा ११ जिल्लामा लु

हरियाणाका महेन्द्रगढ, रेवाडी, झज्जर र मेवातसहित ११ जिल्लामा लुको चेतावनी जारी गरिएको छ । रोहतक सबैभन्दा तातो सहर बनेको छ । मे २८ र २९ मा केही क्षेत्रमा वर्षा हुन सक्ने अनुमान गरिएको छ ।

पञ्जाब-चण्डीगढमा पनि उस्तै

पञ्जाब र चन्डीगढमा आगामी तीन दिन लुको चेतावनी जारी गरिएको छ । सरकारले विद्यालय र सरकारी कार्यालयको समय परिवर्तन गरेको छ । चण्डीगढमा जुन ३० सम्म विद्यालय बन्द रहने निर्णय गरिएको छ ।

उत्तराखण्डमा वर्षाको सम्भावना

उत्तारखण्डका देहरादून, टिहरी, उत्तरकाशी, रुद्रप्रयाग, चमोली, बागेश्वर र पिथौरागढमा वर्षाको सम्भावना छ । मौसम विभागका अनुसार आगामी दुई दिनमा तापक्रम १ देखि ३ डिग्री सेल्सियससम्म बढ्न सक्छ ।

## कबहीगोठ......

मौन बस्दा सीमावर्ती क्षेत्रमा राज्यको उपस्थिति नै कमजोर बनेको टिप्पणी हुन थालेको छ । कबहीगोठ नाकाको अवस्था अहिले केवल तस्करीको विषय मात्र रहेन, यो राज्य संयन्त्रको विश्वसनीयतासँग जोडिएको प्रश्न बनेको छ । यदि यथाशीघ्र निष्पक्ष अनुसन्धान गरी दोषीमाथि कारबाही गरिएन भने सीमामा अपराध र अवैध कारोबारको जालो झन् मजबुत हुने निश्चित देखिन्छ ।

## विभेदकारी.......

कडा आपत्ति जनाएका छन् ।

महासंघले हस्ताक्षर अभियान केवल औपचारिक विरोध नभई प्रेस स्वतन्त्रता जोगाउने अभियान भएको स्पष्ट पारेको छ ।

अभियानमार्फत संकलित हस्ताक्षर सरकारसमक्ष बुझाइने र त्यसपछि थप सशक्त आन्दोलनका कार्यक्रम सार्वजनिक गरिने जनाइएको छ ।

नेपाल पत्रकार महासंघ ले केन्द्रको निर्देशनअनुसार देशव्यापी रूपमा चरणबद्ध आन्दोलन जारी राखेको जनाएको छ । बारा शाखाले पनि आवश्यकता परे सडक आन्दोलन, धर्ना, विरोध सभा लगायतका थप कार्यक्रम घोषणा गर्ने संकेत दिएको छ ।

पत्रकार महासंघको आन्दोलनसँगै सरकारी विज्ञापन वितरण नीतिमाथि अहिले सञ्चार क्षेत्रमै व्यापक बहस सुरु भएको छ । सञ्चारकर्मीहरूले राज्यले प्रेसलाई नियन्त्रण गर्ने होइन, संरक्षण र समान व्यवहार गर्नुपर्ने माग दोहोर्‍याएका छन् ।

## हाकिम............

योजना सम्बन्धी फाइल, भुक्तानी प्रक्रिया तथा अन्य अत्यावश्यक सेवामा ढिलासुस्ती बढेको गुनासो व्यापक रूपमा उठ्न थालेको छ ।

स्थानीयवासीहरूले नगरपालिकाको प्रशासनिक नेतृत्व जनताको सेवा गर्नुभन्दा आन्तरिक शक्ति संघर्ष र जनप्रतिनिधिलाई जुधाउने खेलमा केन्द्रित भएको आरोप लगाएका छन् । "अफिसको कामभन्दा बढी नेताहरूलाई उचाल्ने, एकअर्कासँग भिडाउने र वातावरण बिगार्ने काम भइरहेको छ," एक स्थानीयले गुनासो गरे ।

नगरपालिकाभित्रको विवादका कारण विकास निर्माणका काम प्रभावित हुँदा सर्वसाधारण प्रत्यक्ष मारमा परेका छन् । सडक, नाला, खानेपानी, शिक्षा तथा पूर्वाधारसँग सम्बन्धित योजनाहरू रोकिँदा स्थानीयस्तरमा असन्तुष्टि झन् चर्किएको छ ।

स्थानीयस्तरमा अब प्रमुख प्रशासकीय अधिकृत न्यौपानेले आफ्नो हैकमवादी शैली नसुधारे कडा आन्दोलन सुरु गर्ने चेतावनीसमेत आउन थालेको छ । जनप्रतिनिधि र स्थानीयवासीहरूले सम्बन्धित निकायलाई तत्काल हस्तक्षेप गरी नगरपालिकाको बिग्रँदो अवस्था सुधार गर्न माग गरेका छन् ।

"जनताको धैर्यताको बाँध अब टुट्न थालेको छ । अझै पनि रवैया नसुधारे नगरपालिकाभित्र ठूलो आन्दोलन हुन सक्छ," भन्दै स्थानीयस्तरमा चर्को असन्तुष्टि व्यक्त हुन थालेको छ ।

गरुडा नगरपालिकाभित्र बढ्दो प्रशासनिक विवादले स्थानीय सरकारको प्रभावकारितामाथि नै प्रश्न उठ्न थालेको छ । जनताको सेवा र विकास निर्माणलाई केन्द्रमा राख्नुपर्ने प्रशासनिक नेतृत्व नै विवादको केन्द्रमा पर्दा नगरपालिकाको समग्र विकास प्रक्रिया अन्योलतर्फ धकेलिएको स्थानीयहरूको भनाइ छ ।

## पर्सा-४..........

निर्वाचन क्षेत्रभित्रका सामुदायिक विद्यालयबाट क्भ्-परीक्षामा सर्वोत्कृष्ट जिपिए ल्याउने विद्यार्थीलाई नगद रु ५१ हजार १ सय ११ पुरस्कार प्रदान गर्ने घोषणा गरेका थिए । उक्त पुरस्कार अब अन्शु खनालले प्राप्त गर्ने निश्चित भएको छ ।

सांसद शाक्यले पालिका स्तरमा पनि प्रथम स्थान हासिल गर्ने विद्यार्थीलाई रु २१ हजार १ सय ११ नगद पुरस्कार प्रदान गर्ने घोषणा गरेका थिए । शैक्षिक उत्कृष्टतालाई प्रोत्साहन गर्ने उद्देश्यले गरिएको यस्तो घोषणाले विद्यार्थीहरूलाई थप हौसला मिल्ने विश्वास गरिएको छ ।

श्री सरस्वती माध्यमिक विद्यालय ठोरी परिवारले अन्शु खनालको उज्ज्वल भविष्यको कामना गर्दै उनको ऐतिहासिक सफलताप्रति हार्दिक बधाई तथा शुभकामना व्यक्त गरेको छ । विद्यालयले यो उपलब्धिले संस्थाको शैक्षिक गुणस्तर, शिक्षकहरूको मेहनत तथा विद्यार्थीको अथक परिश्रमलाई उजागर गरेको जनाएको छ ।

स्थानीय अभिभावक तथा शिक्षाप्रेमीहरूले पनि अन्शु खनालको सफलताले सामुदायिक विद्यालयप्रतिको विश्वास अझ बलियो बनेको प्रतिक्रिया दिएका छन् ।

# मर्यादपुर स्कुलको गौरवपूर्ण निरन्तरता, एसईईमा शतप्रतिशत नतिजा

***रौतहट, १० जेठ***

श्री माध्यमिक विद्यालय मर्यादपुरले माध्यमिक शिक्षा परीक्षा (एसईइ) २०८२ मा पनि शतप्रतिशत नतिजा ल्याउँदै आफ्नो शैक्षिक उत्कृष्टतालाई निरन्तरता दिएको छ । रौतहट जिल्लामै उत्कृष्ट नतिजा दिने विद्यालयमध्ये स्थापित हुँदै आएको मर्यादपुर स्कुलले यस वर्ष पनि उत्कृष्ट उपलब्धि हासिल गर्दै शिक्षा क्षेत्रमा आफ्नो पहिचान थप बलियो बनाएको हो । विद्यालयबाट यस वर्ष एसईइ परीक्षामा सहभागी भएका सबै ३० जना विद्यार्थी सफल भएपछि विद्यालय परिवारमा उत्साह छाएको छ । मौलापुर नगरपालिका ले सार्वजनिक गरेको नतिजाअनुसार विद्यालयले शतप्रतिशत सफलता हात पारेको हो । विद्यालयका प्रधानाध्यापक दिनदयाल साह ले विद्यालयले माध्यमिक तह सञ्चालन भएदेखि नै निरन्तर उत्कृष्ट नतिजा दिँदै आएको बताउनुभयो । उहाँका अनुसार विद्यालयको लक्ष्य केवल विद्यार्थीलाई परीक्षा उत्तीर्ण गराउनु मात्र नभई सक्षम, आत्मविश्वासी र व्यवहारिक नागरिकका रूपमा तयार गर्नु रहेको छ । "निरन्तरको मेहनत, अनुशासित शैक्षिक वातावरण, दक्ष शिक्षकको समर्पण र विद्यार्थीहरूको लगनशीलताकै परिणाम आजको सफलता हो," प्रधानाध्यापक साहले बताउनुभयो । उहाँले यो उपलब्धिमा विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षक-शिक्षिका, विद्यालय व्यवस्थापन समिति तथा अभिभावकहरूको महत्वपूर्ण योगदान रहेको उल्लेख गर्नुभयो ।

विद्यालय प्रशासनका अनुसार मर्यादपुर स्कुलले पठनपाठनसँगै विद्यार्थीहरूको सर्वाङ्गीण विकासलाई पनि प्राथमिकतामा राख्दै आएको छ । विद्यार्थीहरूको मनोविज्ञान, उमेर, क्षमता, रुचि तथा आकांक्षालाई ध्यानमा राखेर शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गरिनुका साथै अतिरिक्त क्रियाकलापलाई समेत महत्व दिइने गरिएको विद्यालयले जनाएको छ ।

विद्यालयले शैक्षिक उपलब्धिसँगै अनुशासन, नेतृत्व विकास, सामाजिक चेतना तथा व्यवहारिक शिक्षामा समेत जोड दिँदै आएको बताइएको छ । यही कारण विद्यालयले वर्षेनि उत्कृष्ट नतिजा हासिल गर्न सफल हुँदै आएको स्थानीय अभिभावकहरूको भनाइ छ । प्रधानाध्यापक साहले सफल विद्यार्थीहरूलाई बधाई तथा उज्ज्वल भविष्यको शुभकामना व्यक्त गर्दै आगामी दिनमा पनि विद्यालयले उत्कृष्ट नतिजाको परम्परालाई निरन्तरता दिने विश्वास व्यक्त गर्नुभयो । स्थानीय शिक्षा क्षेत्रमा मर्यादपुर स्कुलको लगातारको सफलता अहिले उदाहरणीय बन्न थालेको छ । सामुदायिक विद्यालयबाट समेत गुणस्तरीय शिक्षा सम्भव छ भन्ने सन्देश विद्यालयले आफ्नो परिणाममार्फत स्थापित गर्दै आएको शिक्षा क्षेत्रका जानकारहरू बताउँछन् ।

# विश्वासको मत पाएको दुई दिनमै संकटमा मधेस सरकार

***जनकपुर, १० जेठ***

विश्वासको मत प्राप्त गरेको दुई दिन नबित्दै मधेस प्रदेश सरकार पुनः राजनीतिक संकटतर्फ धकेलिएको छ । सत्ता गठबन्धनभित्र मन्त्रालय भागबण्डा मिलाउन नसक्दा मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकारमाथि दबाब बढ्दै गएको हो । जनता समाजवादी पार्टी नेपाल र जनमत पार्टी सरकारबाट बाहिरिएपछि मुख्यमन्त्री यादवले नयाँ समीकरण बनाएर जेठ ८ गते विश्वासको मत प्राप्त गरेका थिए । उनलाई नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा तथा नेपाल संघीय समाजवादी पार्टी को समर्थन प्राप्त भएको थियो ।

विश्वासको मतपछि एमाले सरकारमा सहभागी भए पनि पुनर्गठित मन्त्रिपरिषद्मा मन्त्रालय बाँडफाँटलाई लिएर गठबन्धनभित्र असन्तुष्टि बढ्न थालेको स्रोतको दाबी छ । विशेषगरी अर्थ मन्त्रालय कसले पाउने भन्ने विषय अहिले सत्ता गठबन्धनको मुख्य विवादको केन्द्र बनेको छ ।

स्रोतका अनुसार नेकपा ले अर्थ मन्त्रालयमा दाबी गरेपछि सत्ता समीकरणभित्र तनाव बढेको हो । "मुख्यमन्त्रीले अर्थ मन्त्रालय एमालेलाई दिने सहमति भएको संकेत गरेपछि गठबन्धनभित्र असन्तुष्टि चर्किएको छ," स्रोतले जनाएको छ ।

यता नेकपाका एक प्रदेशसभा सदस्यले सरकारमा रहने वा समर्थन फिर्ता लिने विषयमा पार्टीभित्र गम्भीर छलफल भइरहेको बताएका छन् । उनका अनुसार पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' सँग समेत परामर्श भइरहेको छ ।

मुख्यमन्त्री यादवले विश्वासको मत प्राप्त गर्दा एमालेका २४, कांग्रेसका २२, नेकपाका १५ तथा नेपाल संघीय समाजवादी पार्टीका १ सांसदसहित कुल ६२ सांसदको समर्थन पाएका थिए । १०१ सदस्यीय मधेस प्रदेशसभामा सरकार टिकाउन कम्तीमा ५१ सांसद आवश्यक पर्छ ।

तर अहिले नेकपा असन्तुष्ट बनेर सरकारबाट बाहिरिने संकेत देखिएपछि सरकारको अंकगणित कमजोर बन्न थालेको छ । नेकपाले समर्थन फिर्ता लिए कांग्रेस र एमालेको संख्या ४६ मा सीमित हुने भएकाले सरकार अल्पमतमा पर्ने सम्भावना बलियो बनेको राजनीतिक वृत्तमा चर्चा सुरु भएको छ ।

विश्वासको मतपछि स्थायित्वको अपेक्षा गरिएको मधेस प्रदेश सरकार मन्त्रालय बाँडफाँटमै अल्झिन थालेपछि सत्ता गठबन्धनभित्रको अविश्वास सतहमा आएको विश्लेषण गरिएको छ । सत्ता साझेदार दलहरूबीच शक्ति सन्तुलन र प्रभावको प्रतिस्पर्धा चर्किंदा सरकारको दीर्घकालीन स्थायित्वमाथि प्रश्न उठ्न थालेको छ ।

राजनीतिक जानकारहरूका अनुसार मन्त्रालय भागबण्डा समयमै मिलाउन नसकिए मधेस प्रदेशमा फेरि नयाँ सत्ता समीकरण बन्न सक्ने सम्भावना पनि नकार्न सकिँदैन । अहिले सबैको नजर नेकपाको आगामी निर्णय र गठबन्धनभित्र हुने अन्तिम सहमतितर्फ केन्द्रित भएको छ ।

**"आमा बुवाको महत्त्व" शिर्षकमा गजल**

**लेखकः सन्दिप साह**

**"आमा बुवाको महत्व"**

**जिवनलाइ सार्थक र सजिलो बनाउन गर्नु पर्छ कर्म ।**
**बिश्वमा भाइचराको सम्बन्ध राखी हुनुपर्छ बहु धर्म ।।**

**हृदयमा राखी अगाडि बढ्नु पर्छ बुबाको,मन्तव्य ।**
**अवस्य पाउछौ एक दिन सफल्ताको गन्तव्य ।।**

**कहिले घेरा बन्दी लाग्छ हाम्रो शरीरमा चलेको नशामा ।**
**रमाउन आनन्द आउँछ आफुले गरेको संघर्षको रसमा ।।**

**आफू एक्लै अगाडि बढ नबस कसैको आशमा ।**
**ममिबुवा बाहेक कसैमाथी बिश्वास नगर राखिदिन्छ निराश्मा ।।**

**जिवनलाइ सिमित नपार्नु एउटा सानो गुलाबको फुलमा ।**
**मरूभूमिमा फुलफुलाउन रहनु पर्छ आमा बुवाको रूलमा ।।**

**जिवनमा एउटा सानो चोट आएपनि कसैले गर्दैनन् दायाँ ।**
**यो सन्सारमा एकै हुन आमा बुवा सधै गरिरहनु हुन्छ माया ।।**

**छोराको सफलताको लागी बस्नु हुन्छ बुवा देश बाट टाढा ।**
**अँखा भरि आसु, मनभरी पीडा सहित सम्बन्ध छोडि सारा ।।**

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# कम भोल्टेजका कारण गौर-२ का उपभोक्ता समस्यामा, नेपाल विद्युत् प्राधिकरण गौर प्रमुख सम्पर्कविहीन

*शु. आ. सम्बाददाता*
*रौतहट, १० जेठ*

शुक्रबार रातिदेखि लगातार दुई दिनसम्म नेपाल विद्युत् प्राधिकरण गौर वितरण केन्द्रबाट कम भोल्टेज आपूर्ति भएको भन्दै गौर नगरपालिका-२ क्षेत्रका उपभोक्ताले गुनासो गरेका छन् । कम भोल्टेजका कारण पंखा सञ्चालन हुन नसकेको तथा दैनिक जनजीवन प्रभावित भएको स्थानीयको भनाइ छ । अत्यधिक गर्मीका बीच विद्युत् भोल्टेज कमजोर हुँदा घरमा प्रयोग हुने विद्युतीय उपकरण प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको उपभोक्ताहरूले बताएका छन् । विशेषगरी पंखा नचल्दा बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीहरू बढी प्रभावित भएको स्थानीयवासीको गुनासो छ। स्थानीयका अनुसार गौर-




२ क्षेत्रमा पर्याप्त भोल्टेज नआउँदा कतिपय स्थानमा अन्धकारको अवस्था समेत सिर्जना भएको छ। दुई दिनदेखि न राम्रो बत्ती छ, न पंखा चल्ने अवस्था । गर्मीका कारण घरभित्र बस्नै कठिन भएको छ, एक स्थानीयले बताए ।
यस विषयमा प्रतिक्रिया लिन नेपाल विद्युत् प्राधिकरण गौर वितरण केन्द्रका प्रमुखसँग मोबाइलमार्फत सम्पर्क गर्न खोज्दा फोन सम्पर्क हुन नसकेको जनाइएको छ । उपभोक्ताले विद्युत् आपूर्ति व्यवस्थापनमा तत्काल सुधार गरी नियमित तथा पर्याप्त भोल्टेज उपलब्ध गराउन माग गरेका छन् ।

# सिमरा सेजको अतिक्रमणबारे सरकार गम्भीर उद्योग मन्त्री चौधरीद्वारा स्थलगत अनुगमन, सयौं घरधुरीमा त्रास बढ्यो

*बारा, १० जेठ*

विशेष आर्थिक क्षेत्र (सेज) प्राधिकरण अन्तर्गत रहेको सिमरा सेज को अतिक्रमित सरकारी जग्गाबारे सरकार गम्भीर रूपमा सक्रिय देखिएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री गौरीशंकर चौधरी ले आइतबार सिमरा सेजको स्थलगत अनुगमन गरेपछि उक्त क्षेत्रका बासिन्दामा अन्योल र त्रास झन् बढेको छ ।
मन्त्री चौधरीले सेजको अतिक्रमणमा परेको करिब पाँच बिघा क्षेत्रफलमा निर्माण गरिएका घरटहरा तथा अन्य संरचनाहरूको निरीक्षण गरेकी थिइन् । सरकारले यसअघि नै पटक-पटक सार्वजनिक सूचना जारी गर्दै अतिक्रमित सरकारी जग्गा खाली गर्न तथा सो क्षेत्रमा खेतीपाती नगर्न चेतावनी दिँदै आएको छ ।
अनुगमन टोलीमा उद्योग सचिव कृष्णबहादुर राउत, उद्योग विभागका महानिर्देशक जितेन्द्र बस्नेत, जीतपुरसिमरा उपमहानगरपालिका का नगर प्रमुख राजन पौडेल, बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्र, सुरक्षा निकायका प्रमुखहरू तथा सेज प्राधिकरणका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।
स्थलगत निरीक्षणपछि सञ्चारकर्मीसँग कुरा गर्दै उद्योग सचिव राउतले अहिले तत्काल घरटहरा हटाउने निर्णय नभएको स्पष्ट पारे । "आज यहाँको वस्तुस्थितिबारे अध्ययन गरिएको हो। घरटहरा कहिले र कसरी हटाउने भन्ने विषयमा अहिले नै कुनै निर्णय भइसकेको छैन," उनले भने। तर, सरकारी टोलीको सक्रियता र लगातारको पत्राचारपछि स्थानीय बासिन्दामा भने त्रास फैलिएको छ । करिब दुई दशकभन्दा लामो समयदेखि



उक्त क्षेत्र भोगचलन गर्दै आएका स्थानीयहरू सरकारले अब बलपूर्वक हटाउने तयारी गरिरहेको आशंकामा छन् ।
सिमरा सेज जीतपुरसिमरा उपमहानगरपालिका-४, १२, १३, १४ र १५ नम्बर वडामा फैलिएको छ । पाँच वटा ब्लकमा विभाजन गरिएको यस क्षेत्रको 'ए' ब्लकबाहेक अधिकांश सरकारी जग्गा अतिक्रमणको चपेटामा परेको जनाइएको छ । सरकारी तथ्यांकअनुसार करिब ५ सय बिघा जग्गा विभिन्न रूपमा अतिक्रमित अवस्थामा रहेको छ ।
सेज क्षेत्रमा सुकुमबासी, बाढीपीडित तथा तत्कालीन चिनी मिलसँग सम्बन्धित परिवार गरी करिब ८ सय घरधुरी बसोबास गर्दै आएका छन् । त्यस्तै ठूलो भूभागमा स्थानीयहरूले खेतीपातीसमेत गर्दै आएका छन् ।
उद्योग मन्त्रालय र सेज प्राधिकरण ले यसअघि नै पटक-पटक सूचना जारी गर्दै अतिक्रमित सरकारी जग्गा खाली गराउन स्थानीय तहसँग सहजीकरणको माग गर्दै आएको छ। पछिल्लो पटक वैशाख ९ गते जीतपुरसिमरा उपमहानगरपालिका लाई पत्राचार गरी सरकारी जग्गा खाली गराउन सहयोग मागिएको थियो ।
स्थानीयहरू भने आफूहरू वर्षौंदेखि बसोबास गर्दै आएको भूमि अचानक खाली गराउन खोजिएको भन्दै चिन्तित बनेका छन् । "हामीसँग बस्ने अर्को ठाउँ छैन, सरकारले वैकल्पिक व्यवस्था नगरी हटाउन खोजे ठूलो समस्या हुन्छ," एक स्थानीयले गुनासो गरे ।
अनुगमनपछि मन्त्री, सचिव, महानिर्देशक तथा नगर प्रमुखबीच करिब डेढ घण्टा गोप्य छलफलसमेत भएको थियो । उक्त छलफलमा सेज क्षेत्रको व्यवस्थापन, अतिक्रमण हटाउने रणनीति तथा स्थानीय व्यवस्थापनबारे कुराकानी भएको अनुमान गरिएको छ । यद्यपि छलफलको आधिकारिक विवरण सार्वजनिक गरिएको छैन ।
सरकार एकातिर औद्योगिक क्षेत्र विस्तार र लगानीमैत्री वातावरण निर्माणको तयारीमा देखिए पनि अर्कोतर्फ वर्षौंदेखि बसोबास गर्दै आएका स्थानीयको व्यवस्थापन चुनौतीपूर्ण बनेको छ। सिमरा सेजको अतिक्रमण हटाउने प्रक्रिया अब कसरी अघि बढ्छ भन्ने विषय अहिले स्थानीय तहदेखि प्रदेश र संघीय स्तरसम्म चासोको विषय बनेको छ।

# पर्सा-४ कै उत्कृष्ट बनिन् ठोरीकी अन्शु खनाल

*हरिकिशोर शर्मा*
*पर्सा, १० जेठ*

अन्शु खनाल ले माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ मा उत्कृष्ट सफलता हासिल गर्दै पर्सा निर्वाचन क्षेत्र नम्बर-४ अन्तर्गतका सामुदायिक विद्यालयहरूमध्ये सर्वोत्कृष्ट विद्यार्थी बन्न सफल भएकी छन् ।
श्री सरस्वती माध्यमिक विद्यालय ठोरी बाट एसईई परीक्षामा सहभागी भएकी खनालले ३.६६ जिपिए प्राप्त गर्दै क्षेत्रकै सामुदायिक विद्यालयतर्फ प्रथम स्थान हासिल गरेकी हुन् । बैशाख अन्तिम साता सार्वजनिक भएको नतिजाअनुसार उनले पर्सा-४ क्षेत्रका सबै सामुदायिक विद्यालयका परीक्षार्थीमध्ये सर्वाधिक जिपिए ल्याएर उल्लेखनीय उपलब्धि हासिल गरेकी छन् ।
मेधावी छात्रा खनालले गत चैत



महिनामा श्री माध्यमिक विद्यालय विजयबस्ती परीक्षा केन्द्र बाट परीक्षा दिएकी थिइन् । उनको यो सफलतापछि विद्यालय परिवार, अभिभावक तथा सम्पूर्ण ठोरी गाउँपालिका नै गौरवान्वित बनेको छ । विद्यालय प्रशासनका अनुसार अन्शु खनालको सफलता निरन्तर मेहनत, अनुशासन, अध्ययनप्रतिको लगाव तथा दृढ संकल्पको परिणाम हो। सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले पनि उत्कृष्ट नतिजा ल्याउन सक्छन् भन्ने सन्देश उनको उपलब्धिले दिएको विद्यालयले जनाएको छ।
खनाल यसअघि पनि शैक्षिक क्षेत्रमा अब्बल रहँदै आएकी थिइन् । उनले २०८० सालमा ठोरी गाउँपालिका बाट सञ्चालित आधारभूत तह कक्षा-८ को परीक्षामा ३.८१ जिपिए प्राप्त गर्दै गाउँपालिकाभर प्रथम स्थान हासिल गरेकी थिइन् । लगातारको उत्कृष्ट प्रदर्शनले उनी अध्ययनशील तथा प्रतिभाशाली छात्राका रूपमा स्थापित बन्दै गएको स्थानीय शिक्षकहरूको भनाइ छ ।
यसैबीच, टेकबहादुर शाक्य ले आफ्नो

बाँकी तेश्रो पृष्ठमा

# मधेस सरकारका नवनियुक्त मन्त्री समिरलाई बधाई, गढिमाई मन्दिरमा विशेष पूजा

*शु.आ. सम्बाददाता*
*बारा, १० जेठ*

मधेस प्रदेश सरकारका नवनियुक्त बिना विभागीय मन्त्री मोहम्मद समिर लाई बधाई तथा शुभकामना व्यक्त गर्दै कलैया उपमहानगरपालिका-६ स्थित एक मदरसामा विशेष कार्यक्रम सम्पन्न भएको छ। स्थानीयस्तरमा आयोजित उक्त कार्यक्रममा बुद्धिजीवी, समाजसेवी, राजनीतिककर्मी, युवा तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो ।



सगिर मियाँ को अध्यक्षतामा सम्पन्न कार्यक्रममा सहभागीहरूले मन्त्री समिरलाई फूलमाला तथा खादा लगाएर सम्मान गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरेका थिए। कार्यक्रममा सहभागी वक्ताहरूले मन्त्री समिर युवापुस्ताको आशा र भरोसाका नेताका रूपमा स्थापित हुँदै गएको उल्लेख गर्दै उहाँको नियुक्तिले बारासहित समग्र मधेस प्रदेशको विकासमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरेका थिए ।
कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री समिरले आफूलाई जनताले दिएको जिम्मेवारीलाई इमान्दारीपूर्वक पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले मधेस प्रदेशको विकास, शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी तथा आधारभूत पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेर काम गर्ने बताउनुभयो ।
"मेरो राजनीतिक यात्रा जनताको साथ र विश्वासकै कारण सम्भव भएको हो," मन्त्री समिरले भन्नुभयो, "आगामी दिनमा पनि जनताको समस्या समाधान र प्रदेशको समृद्धिका लागि निरन्तर सक्रिय रहनेछु ।"
उहाँले मधेस प्रदेशमा सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र विकासलाई सँगसँगै अघि बढाउन सबै पक्षबीच सहकार्य आवश्यक रहेको धारणा राख्नुभयो। कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधि, स्थानीय अगुवा, धार्मिक व्यक्तित्व तथा सञ्चारकर्मीहरूको समेत उपस्थिति रहेको थियो । कार्यक्रम सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको आयोजकले जनाएको छ ।
यसैबीच, मन्त्री पदको जिम्मेवारी सम्हालेपछि मन्त्री समिरले पहिलो पटक गढिमाई मन्दिर पुगेर विशेष पूजा-पाठ तथा दर्शन गर्नुभएको छ। विश्व प्रसिद्ध धार्मिकस्थलका रूपमा परिचित गढिमाई मन्दिरमा पुगेर उहाँले देश तथा प्रदेशवासीको सुख, शान्ति र समृद्धिको कामना गर्नुभएको हो ।
मन्दिर परिसरमा मन्त्री समिरलाई स्थानीय जनप्रतिनिधि, राजनीतिककर्मी, शुभेच्छुक तथा सर्वसाधारणले स्वागत गरेका थिए । पूजा-आराधनापछि सञ्चारकर्मीसँग संक्षिप्त प्रतिक्रिया दिँदै उहाँले जनताको विश्वास र अपेक्षालाई केन्द्रमा राखेर काम गर्ने प्रतिबद्धता दोहोर्याउनुभयो ।
"गढिमाई मातासँग देशमा शान्ति, सद्भाव र विकासको कामना गरेको छु," मन्त्री समिरले भन्नुभयो, "मधेस प्रदेशसहित सम्पूर्ण देशवासी सुखी र समृद्ध बनून् भन्ने मेरो चाहना हो । जनताले दिएको जिम्मेवारीलाई पूर्ण इमान्दारीका साथ निर्वाह गर्नेछु ।"
उहाँले धार्मिक तथा सांस्कृतिक आस्थाको संरक्षणसँगै विकास निर्माणका योजनालाई प्रभावकारी रूपमा अघि बढाउने बताउनुभयो। शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र पूर्वाधार विकासलाई प्रदेश सरकारको मुख्य प्राथमिकतामा राखिने उहाँको भनाइ थियो ।
गढिमाई मन्दिर नेपालकै प्रसिद्ध धार्मिक स्थलमध्ये एक मानिन्छ । विशेषगरी हरेक पाँच वर्षमा लाग्ने गढिमाई मेलाका कारण यो मन्दिर अन्तर्राष्ट्रिय स्तरमै परिचित रहेको छ । मन्त्री समिरको मन्दिर भ्रमणलाई स्थानीयवासीले सकारात्मक रूपमा लिँदै नयाँ जिम्मेवारीसँगै धार्मिक आस्था र जनभावनाप्रति सम्मान व्यक्त गरेको बताएका छन् ।
पूजा कार्यक्रममा स्थानीय राजनीतिक दलका प्रतिनिधि, समाजसेवी, धार्मिक अगुवा तथा सर्वसाधारणको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# निःशुल्क आँखा शिविरपछि २२ जनाको सफल शल्यक्रिया

*हरिकिशोर शर्मा*
*पर्सा, १० जेठ*

सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण हेडक्वार्टर पर्साको आयोजनामा सञ्चालन गरिएको निःशुल्क आँखा शिविरपछि २२ जनाको सफल आँखाको शल्यक्रिया सम्पन्न गरिएको छ । उपचार सेवा प्राप्त गर्नेहरूमध्ये ११३ वर्षीया एक ज्येष्ठ महिला समेत रहेकी छन् ।
"सीमावासीसँग सशस्त्र प्रहरी" कार्यक्रमअन्तर्गत आयोजित उक्त शिविर तिलगंगा आँखा अस्पताल तथा सामुदायिक आँखा केन्द्र वीरगञ्ज सँगको सहकार्यमा सञ्चालन गरिएको थियो ।
जेठ ८ गते वीरगञ्ज महानगरपालिका-१ छपकैया छटघाट स्थित श्री वविता पराजुली आधारभूत विद्यालय मा आयोजित शिविरमा सयौं स्थानीयवासीको आँखा परीक्षण गरिएको थियो । परीक्षणका क्रममा मोतिबिन्दु लगायतका समस्या देखिएका ३४ जनालाई शल्यक्रियाका लागि सिफारिस गरिएको थियो ।
सिफारिस गरिएकामध्ये २४ जना बिरामी सम्पर्कमा आएपछि उनीहरूलाई सामुदायिक आँखा केन्द्र वीरगञ्ज मा लगेर उपचार प्रक्रिया अघि बढाइएको थियो। त्यसमध्ये २२ जनाको सफल शल्यक्रिया सम्पन्न




भएको चिकित्सक टोलीले जनाएको छ ।
बाँकी दुई जनाको स्वास्थ्य परीक्षणका क्रममा मधुमेह (सुगर) को मात्रा अत्यधिक देखिएकाले तत्काल शल्यक्रिया गर्न नसकिएको जनाइएको छ । उनीहरूको स्वास्थ्य अवस्था सामान्य भएपछि आवश्यक उपचार गरिने चिकित्सकहरूले बताएका छन् । यस्तै, हालसम्म सम्पर्कमा नआएका अन्य १० जना बिरामीलाई सम्पर्कमा आएपछि आवश्यक शल्यक्रिया प्रक्रिया अगाडि बढाइने जानकारी दिइएको छ । सशस्त्र प्रहरी बलले सीमावर्ती क्षेत्रमा बसोबास गर्ने सर्वसाधारणलाई लक्षित गर्दै स्वास्थ्य, शिक्षा तथा सामाजिक सेवासम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको छ। निःशुल्क आँखा शिविर र शल्यक्रिया कार्यक्रमले आर्थिक अभावका कारण उपचारबाट वञ्चित स्थानीयवासीलाई ठूलो राहत पुगेको स्थानीयहरूले बताएका छन् ।
स्थानीयवासीहरूले दुर्गम तथा विपन्न समुदायका नागरिकलाई लक्षित यस्ता स्वास्थ्य शिविरले प्रत्यक्ष लाभ पुगेको भन्दै कार्यक्रमको प्रशंसा गरेका छन् । विशेषगरी वृद्धवृद्धा तथा कमजोर आर्थिक अवस्था भएका बिरामीहरूले निःशुल्क उपचार पाएपछि खुशी व्यक्त गरेका छन् ।

विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।
सम्पर्क नम्बर : ९८४५२२६३०५

ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका